# सामुदायिक वन उपभोक्ता महासङ्घका अभियानकर्मीहरूलाई तुरुन्त रिहाइ गर।

२०७८ माघ १८ गते।

सामुदायिक वन उपभोक्ता महासंघका अध्यक्ष, पदाधिकारी सहित १४ जना अभियानकर्मीहरुलाई शान्तिपूर्ण धर्नामा बसेको अवस्थामा आज विहान बलपूर्वक गिरफ्तार गरिएको घटना प्रति मानवअधिकार एलाइन्स खेद प्रकट गर्दछ।

सामुदायिक वन उपभोक्ता महासंघले १० वटा मागहरु राखेर समुदायको अधिकारलाई सुनिश्चित गर्न नेपाल सरकारको ध्यानाकर्षण गराउन विभिन्न कार्यक्रमहरु गरिरहेको छ। यसै सन्दर्भमा समुदायको अधिकार कटौती गर्ने गरी तयार गरिएको वन निमावली २०७८ को मसौदा, प्रदेश वन ऐन र संरक्षित वन क्षेत्र विस्तार, तेहेरो कर र वन पैदावार सदुपयोगमा लगाइएको प्रतिवन्धको विरुद्धमा वनअधिकार कर्मीहरुले माघ महिनाभर दोस्रो चरणको आन्दोलन गरिरहेको छ।

जनस्वास्थ्यका मापदण्डहरुलाई ध्यानमा राख्दै पूर्व सूचना अनुसार नै माघ महिनाभर संघीयवन तथा वातारण, वन तथा सूसंरक्षण विभाग, प्रदेश मन्त्रालय अगाडि अभियानकर्मीहरु हरेक दिन ३ घण्टा धर्नामा बस्दै आइरहेका छन्। नेपालको संविधानले शान्तिपूर्ण रुपमा भेला हुन र प्रदर्शन गर्न पाउने नागरिकका अधिकारहरु सुनिश्चित गरेको छ। २२ हजार भन्दा बढी सामुदायिक वन उपभोक्ता समितिहरुको प्रतिनिधित्व गर्दै शान्तिपूर्ण धर्नामा रहेको समूहमाथी वल प्रयोग गरि गिरफ्तारी गर्नु लोकतान्त्रिक सरकारको असंवैधानिक र निन्दनीय कार्य भएको ठहर मानवअधिकार एलाइन्सको रहेको छ।

मानवअधिकार एलाइन्स नागरिक र समुदायका अधिकारहरु सुनिश्चित गर्न गरिएका शान्तिपूर्ण अभियानहरुमा ऐक्यवद्धता जाहेर गर्दछ। साथै शान्तिपूर्ण संवादको माध्यमबाट सामुदायिक वन उपभोक्ता महासंघले राखेका मागहरुको सम्बोधन गर्न र आज विहान गिरफ्तार गरिएका सामुदायिक वन उपभोक्ता महासंघ नेपालका अभियानकर्मीहरूलाइ तत्काल निःशर्त रिहा गर्न नेपाल सरकार समक्ष जोडदार माग गर्दछ।

**मीन बहादुर शाही**
**अध्यक्ष**

MBShahi